**बैठक संख्या : ११ (एघार)**

आज मिति २०८२ साल बैशाख २५ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री विपना श्रेष्ठ – प्रशासन अधिकृत आठौं
श्री रचना मैनाली – शिक्षा अधिकृत
श्री रवि कटवाल – कार्यालय सहयोगी
श्री कर्ण बहादुर कार्की – कार्यालय सहयोगी

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा,
२. आयोजना शीर्षकान्तर र रकमान्तर सम्बन्धमा,
३. करार कर्मचारी नियुक्ती अनुमोदन सम्बन्धमा,
४. खानीजन्य पदार्थ निकाल्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,
५. शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि सम्बन्धमा,
६. बैङ्क सम्झौता नवीकरण सम्बन्धमा,
७. राष्ट्रपति महिला उत्थान (जिविकोपार्जन सुधार कार्यक्रम) छनौट सम्बन्धमा,
८. मेलमिलापकर्ताको सूचि तयार गर्ने सम्बन्धमा,
९. बेरोजगारहरुको सूचिकरणका लागि स्वीकृत सम्बन्धमा,
१०. विविध समसामयिक विषयहरु सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका योजना/कार्यक्रमहरु रकमान्तर तथा शीर्षकान्तर गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | साविक योजना | श्रोत | खर्च शीर्षक | विनियोजित रकम | कायम हुने योजना | शिर्षकान्तर रकम |
|---|---|---|---|---|---|---|
| १ | नवजात शिशुको लागि पोषणयुक्त स्वास्थ्य हेरचाह कार्यक्रम | संघीय समानीकरण | २२५२२ | ३५००००.०० | नवजात शिशु बचत खाता | ३५००००.०० |
| २ | डेन्टल किल्निक स्थापना तथा सञ्चालन, स्वास्थ्यचौकी गाम्नाङ्गटार | संघीय समानीकरण | २२५२२ | ६४४०००.०० | आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन | ६४४०००.०० |
| ३ | पिप्ले खानेपानी ट्याङ्की निर्माण आयोजना, लिखु -१ | संघीय समानीकरण | ३११५६ | २०००००.०० | पिप्ले खानेपानी ट्याङ्की निर्माण तथा लिड्स नेपालको साझेदारी लिखु -१ | २०००००.०० |
| ४ | नर्मदेश्वर पँधेरो निर्माण आयोजना, लिखु -३ | संघीय समानीकरण | ३११५६ | ७००००.०० | नर्मदेश्वर पँधेरो निर्माण खानेपानी व्यवस्थापन तथा लिड्स नेपालसँग साझेदारी, लिखु -३ | |
| ५ | कैदल पँधेरो निर्माण, लिखु -३ | आन्तरिक श्रोत | १३१५६ | ८००००.०० | | १५००००.०० |
| जम्मा | | | | १३४४०००.०० | | १३४४०००.०० |

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा मिति २०८१/१२/१७ गतेको प्रकाशित सूचना नं. ६३, ६४ र ६५ अनुसार कर्मचारी पदपूर्ति समितिबाट मिति २०८२/०१/२१ गते सिफारिस भएका देहायका कर्मचारीहरुको करार नियुक्ति अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | नाम,थर | ठेगाना | पद |
|---|---|---|---|
| १ | मिलन खड्का | लिखु - ९, पोकली, ओखलढुङ्गा | MIS अपरेटर |
| २ | नवराज कार्की | लिखु - ४, यसम, ओखलढुङ्गा | समुदायमा आधारित पुन: स्थापना सहजकर्ता (CBRF) |
| ३ | सुशिल बस्नेत | लिखु - ९, पोकली, ओखलढुङ्गा | अपाङ्गता सहायता सहजकर्ता (DSF) |

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं. १ को टुनिबोटे क, टुनिबोटे ख, तारुके र लामा बगर क्षेत्र, वडा नं. २ को धत्रुङ्गे र खुर्दुकी, वडा नं. ३ माझीटार झोलुङ्गेपुल, वडा नं. ८ को डुँडेखोला र सिस्ने झोलुङ्गे पुल र वडा नं. ९ को कल्लेरी/ओख्रेघाँट क्षेत्रबाट आसपास क्षेत्रबाट ढुंगा/गिट्टी/बालुवा माटो संकलन तथा उत्खनन् कार्य सञ्चालनका लागि प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण प्रतिवेदन (IEE) २०८१, यस लिखु गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ६ (२) बमोजिम तयार भएको र दफा १४(१) बमोजिम गठित प्राविधिक समितिले सिफारिस गरेकोले उक्त कार्यविधिको दफा ७ (४) बमोजिम हुने मनासिव देखिएकाले अध्यक्ष मार्फत पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन परिक्षण IEE को प्रतिवेदन २०८१ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**६. निर्णय नं. ६, प्रस्ताव नं. ६ उपरको निर्णयः**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत उपलब्ध गराउन नेपाल एस्.वि.आई. बैंक, शाखा कार्यालय लिखु र राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय साँघुटार बैंकसँग यस अघि गरेको सम्झौताको म्याद समाप्त भएकोले आगामी तीन आर्थिक वर्षका लागि नेपाल एस्.वि.आई. बैंक, शाखा कार्यालय लिखु र राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय साघुँटार बैंकसँग सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत वितरण गर्ने प्रयोजनार्थ नविकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. निर्णय नं. ७, प्रस्ताव नं. ७ उपरको निर्णयः**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गर्न कृषि तथा पशुपालन क्षेत्र छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

**८. निर्णय नं. ८, प्रस्ताव नं. ८ उपरको निर्णयः**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा न्यायिक समितिबाट हुने न्याय निरुपणको लागि आर्थिक वर्ष २०८२/०८३ मा मेलमिलापकर्ताहरु अद्यावधिक भएर सूचिकृत भएको साथै प्रत्येक वडामा मेलमिलापकर्ता नभएकाले न्यायिक निरुपणलाई सहज बनाउनका लागि न्यायिक समितिको मिति २०८२/०१/२५ गतेको निर्णयानुसार मेलमिलापकर्ता सूचिकृत गर्नको लागि सूचना आव्हान गर्न समितिको बैठकबाट आएबमोजिम स्वीकृतिको लागि अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**९. निर्णय नं. ९, प्रस्ताव नं. ९ उपरको निर्णयः**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा बेरोजगार सूचिमा सूचिकृत हुनको लागि आएका निवेदनहरुको छानविन गर्दा बेरोजगार सूचि निर्धारण तथा प्राथमिकताक्रम मार्गदर्शन, २०७६ बमोजिम मिति २०८१/१२/२८ गतेको स्थानीय निर्देशक समितिको बैठकबाट स्वीकृतिको लागि प्रस्तावित नामावलीलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**१०. निर्णय नं. १०, प्रस्ताव नं. १० उपरको निर्णयः**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

क) लिखु गाउँपालिका वडा नं. ६ को माटेबेशीमा पक्कीपुल निर्माण भईसकेकोले सोही स्थानमा रहेको झोलुङ्गे पुल लिखु गा.पा. वडा नं. - ६ र वडा नं.- ४ स्थित जुकेखोलामा स्थानान्तरण गर्ने।

ख) लिखु गाउँपालिका अन्तरगत लिखु खोलामा अवैध रुपमा उत्खनन भइरहेको ढुंगा, गिटी, बालुवा साथै लिखु गाउँपालिका भित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरु अनुगमन समितिबाट अनुगमन गरी गाँउ कार्यपालिकामा अनुगमन प्रतिवेदन पेश गर्ने।

ग) गाँउ कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।